नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं
२०६८।०३।०२
सहायक रजिष्ट्रार

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# ग्लोबल एन.आर.एन फाउण्डेशन

(मुनाफा वितरण नगर्ने कम्पनी)

को

## प्रबन्धपत्र

१. **कम्पनीको नाम :**
यस कम्पनीको नाम **ग्लोबल एन.आर.एन फाउण्डेशन** हुनेछ । यस कम्पनीलाई अंग्रेजीमा **Global N.R.N Foundation** भनिनेछ । जसलाई छोटकरीमा नेपालीमा **जिएनआरएनएफ** भनिनेछ र अंग्रेजीमा GNRNF भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :**
यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.४, बालुवाटार मा रहनेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति :**
यस कम्पनीले सेवा तथा व्यवसायमूलक कार्य गर्नेछ ।

४. **कम्पनीको उद्देश्य :**

(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) नेपाल बाहिर बसोबास गर्ने गैरआवसीय नेपालीहरुको हक हितको संरक्षण गर्दै साझा संस्कृति प्रबर्द्धन गर्ने ।

(ख) गैरआवासीय नेपालीहरु तथा नेपाली नागरिकहरु मध्येबाट व्यवसायीक, अर्थविद तथा बौद्धिक मानवश्रोतलाई सक्रिय गराई नेपाल र गैरआवासीय नेपालीहरुको सामाजिक तथा आर्थिक स्तरोन्नति गर्नको लागि कार्य गर्ने ।

(ग) नेपालको समाजिक, संस्कृतिक तथा सम्पूर्ण विकासका गतिविधिहरुमा सहयोग तथा प्रर्बद्धन गर्ने ।

(घ) विदेशमा रहेका गैरआवासीय नेपालीहरु तथा संघ संस्था मार्फत विदेशी मुलुकमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने ।

(ङ) समय समयमा आइ रहने दैवीप्रकोप, महामारी, बाढी पहिरो, भुकम्प जस्ता भैइपरि आउने समस्याहरुको पूर्व तयारी, समाधानको उपाय तथा उद्दारका कार्य गरि आर्थिक तथा मनविय सहयोग गर्ने, पुननिर्माणको कार्य गर्ने लगायतका अन्य कार्य गर्ने गराउने ।

(च) नेपालमा आवश्यक परेको ठाँउमा भौतिक पूर्वाधारको निर्माण गर्ने, स्वास्थय तथा अन्य सामाग्री तथा उपकरणहरु उपलब्ध गराउने ।

(छ) गैरआवासीय नेपाली तथा नेपालको महत्वपूर्ण विषयमा सहयोग गर्न गैरआवासीय नेपालीहरुबाट Think Tank र Tasks Force गठन गरि सहयोग प्रदान गर्ने ।

(ज) नेपाली नागरिकहरुको जिवनयापनको स्तर सुधार गर्नुको साथै विदेशमा रहेका प्रत्येक नेपाली नागरिकहरुको हित प्रवद्धन गर्दै निजहरुको अधिकार संरक्षण गर्ने छ ।

(ञ) शिक्षा तथा स्वास्थ्यको महत्व तथा विकास बारे सरोकार राख्ने स्वदेश तथा विदेशी संघ संस्थाहरुसंग, समन्वय, सहकार्य तथा आवश्यक क्षेत्रमा ज्ञान सिप तथा स्रोत साधनको सहयोग आदान प्रदान गर्ने गराउने ।

(ञ) नेपालको स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न स्वास्थ्य संस्था, स्वास्थय कर्मीलाई आर्थिक सहयोग तथा स्वास्थ्य सामाग्री तथा उपकरणहरु आवश्यकता अनुसार उपलब्ध गर्ने गराउने ।

(ट) वैदेशिक रोजगारी सम्बन्धी तालिम, प्रशिक्षण, अभिमूखीकरण, जनचेनतना अभियान कार्यक्रमहरु संचालन, अध्ययन, अनुसन्धान मार्फत चेतना अभिवृद्धि गर्ने तथा जागरण फैलाउने कार्यहरु गर्ने ।

(ठ) सिमान्तकृत बर्ग एवं समुदायको शिक्षा, स्वास्थ्यमा पहुच पुर्‍याउन आवश्यक कार्यकम संचालन गर्ने गराउने र शिक्षा, स्वास्थ्यको अध्ययन विकासमा स्रोत केन्द्रहरुको विकास गर्ने गराउने ।

(ड) संस्कृति, विज्ञान तथा प्रवधि, व्यवपार व्यवसाय, कृषि, स्वास्थ्य, शिक्षा, सार्वजिनक सुरक्षा जस्ता क्षेत्रहरुमा अध्ययन अनुसान्धान तथा विकासका योजनाहरु कार्यान्वयन गर्न विभिन्न देशमा रेहका गैरआवसीय नेपालीहरु अन्तराष्ट्रिय संजाल (international network ) mobilize (परिचालन) गर्ने ।

(ढ) अन्य सामाजिक संस्थाहरुलाई अनुसन्धान तथा सामाजिक कार्य गर्न सहयोग गर्ने ।

(ण) भारत लगायत अन्य देशमा वैदेशिक रोजगारी, व्यापार, व्यवसाय गर्न गएका नेपाली नागरिकहरुको हक, हित र संरक्षण सम्बन्धी कार्य गर्ने ।

(त) नाफामुलक फर्म, कम्पनी तथा परियोजनाहरुमा लगानी गरि आर्जन गरेको नाफाबाट यस फाउण्डेशनको व्यवस्थापन तथा सामाजिक कार्यमा उपयोग गर्ने ।

(थ) दान, दतव्य तथा अनुदानबाट प्राप्त गरेको रकम केन्द्रमा कोष खडा गर्ने ।

(द) यस फाउण्डेशनको उद्देश्यसंग मिल्दोजुल्दो उद्देश्य भएका अन्य सरकारी तथा गैरसरकारी संघ, संस्था, विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्था, एजेन्सीहरु, कम्पनी तथा फाउण्डेशनहरुसंग सहकार्य गरि विभिन्न सामाजिक तजा परोपकारी कार्यक्रयमहरु संचालन गर्ने ।

(ध) वातावरण तथा जलवायु परिवर्तन, लैङ्गिक तथा आर्थिक समानता सम्बन्धमा नीतिगत सुझाव पेश गर्ने ।

(न) संकट तथा आपतकालिन अवस्थाबाट प्रभावित भएकाहरु, मानविय सहायता र संक्रमणकालिन अवस्थामा रहेका आप्रवासीहरुको उद्दार गर्ने ।

(प) पर्यावरण सामाजिक शासनको सिद्धान्त र दिगो किसिमको सामाजिक तथा वातावरिणय मैत्रि विकासमा सहयोग तथा समर्थन गर्ने ।

(फ) यो कम्पनी मुनाफा रहित कम्पनी हुनेछ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिने छ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यको सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र (१५) दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

## ५. कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :

१) यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण स्वायत्त संस्थाको रुपमा खरिद गर्ने वा दान-दातव्य प्राप्त गर्ने, भाडा वा लिजमा लिने र कार्यालयलाई आवश्यक

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

पर्ने अन्य सामान तथा सवारी साधन खरिद गरी वा भाडामा लिई प्रयोग गर्ने वा नचाहिने सम्पत्ति भए बिक्री समेत गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने प्रमुख कार्यकारी अधिकृत तथा अन्य कर्मचारी तथा परामर्शदाताहरु नियुक्त गर्ने र तिनीहरुको सेवाको शर्तहरु निर्धारण गर्ने तथा समाज सेवा गर्न चाहने स्वयंसेवकको आवश्यक सहयोग लिने ।

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक तथा वित्तीय संस्था वा अन्य व्यक्ति, संघ संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनी तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्धा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने र यस सम्बन्धी आवश्यक कानूनी सेवा प्राप्त गरि आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलिएत सुविधालाई सुरक्षित गर्ने ।

(च) प्रचलित कानूनको अधिनमा रही कम्पनीको उद्देश्य प्राप्तीको लागि आवश्यक सम्झौताहरु गर्ने ।

(२) **अन्य आवश्यक कुराहरुः कम्पनीले आफ्नो उद्देश्य प्राप्त गर्न निम्न कार्यहरु समेत गर्नेछ :**

(क) कम्पनीले आफ्नो नामबाट कुनै पनि विनिमय अधिकारपत्र, चेक, विल अफ एक्सचेञ्ज, प्रोमिसरी नोट, ड्राफ्ट आदि प्राप्त गरी स्विकार गरी त्यस्ता ईन्स्ट्रुमेन्ट मार्फत आफ्नो कारोबार अगाडी बढाउन सक्नेछ ।

(ख) कम्पनी नेपाल सरकारका निकायहरुबाट आवश्यकता अनुसार प्रचलित कानून बमोजिमका सुविधाहरु, सहुलियतहरु प्राप्त गर्न प्रयासरत रहनेछ ।

(ग) कम्पनीको जायजेथा, सम्पतिको सुरक्षा र संरक्षण तथा दायित्वका सम्बन्धमा कम्पनीले बीमा लगायत कार्यहरू गर्न सक्नेछ ।

(घ) स्वदेशी तथा विदेशी व्यक्ति, सरकारी तथा गैहसरकारी संघ, संस्था र कम्पनीसंग समन्वय र सहभागितामा कम्पनीको उद्देश्य अनुरुपको काम कारवाही संचालनको सम्बन्धमा अनुसन्धान गर्न विदेशी कम्पनी, फर्म, संघ संस्था र फर्मबाट आवश्यकता अनुसार बैदेशिक सहयोग लागि पहल गर्ने ।

(ङ) आवश्यकता अनुसार सल्लाहकार, पदाधिकारी, विशेषज्ञ, परार्मशदाता, लेखापरिक्षक, कानूनी सल्लाहकार, बित्त सल्लाहकार आदिको नियुक्ति गर्ने र उनीहरुको पारिश्रमिक र सुविधाको व्यवस्था गर्ने ।

(च) कम्पनीको उद्देश्यसंग मिल्दोजुल्दो काममा संलग्न व्यक्ति वा संस्थासंग सम्झौता गरी काम गर्ने ।

६. **कम्पनीको प्रारम्भिक पूँजी रकम :**

कम्पनीको प्रारम्भिक पूँजी रकम रू.१,००,००,०००।– (अक्षरुपी एक करोड मात्र) हुनेछ । सो पूँजी संस्थापक सदस्यहरूबाट स्वेच्छिक योगदान मार्फत प्राप्त गरिनेछ ।

७. **कम्पनीको लागि शेयर पूँजी आवश्यक नपर्ने :**

(१) यो कम्पनी संस्थापना गर्दा कुनै शेयर पूँजी आवश्यक पर्ने छैन ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

तर कम्पनीले आफ्ना सदस्यहरुबाट सदस्यता शुल्क प्राप्त गर्न र आफ्नो उद्देश्य पूरा गर्न कानुन बमोजिम कसैबाट कुनै दान वा अनुदान प्राप्त गर्न सक्नेछ ।

(२) कम्पनीका सदस्यहरुले दफा ९ मा खुलाए बमोजिम सदस्यता शुल्क बुझाउनुपर्ने छ ।

(३) कम्पनीका सदस्यहरुबाट प्राप्त रकम वा अन्य अनुदान रकम छुट्टै कोषमा जम्मा गरिनेछ र सो कोषमा रहेको रकम कम्पनीको पूँजी हुनेछ । यस्तो रकम कम्पनीको नियमित कारोबारको सिलसिलामा वा कम्पनीको उद्देश्य हासिल गर्न खर्च गर्न सकिनेछ ।

(४) कम्पनीको खास खास उद्देश्य परिपूर्ति गर्न छुट्टै अक्षय कोषको स्थापना गरिनेछ ।

**८. मुनाफा वितरण गर्न नपाउने :**

(१) कम्पनीले आर्जन गरेको मुनाफाबाट लाभांश, बोनस वा अन्य कुनै रकम यसका सदस्य वा कर्मचारीलाई वितरण गरिने छैन ।

(२) कम्पनीले आर्जन गरेको मुनाफा कम्पनीको पूँजी वृद्धि गर्न वा कम्पनीको उद्देश्य प्राप्तिका लागि मात्र खर्च गरिनेछ ।

**९. कम्पनीको सदस्यता प्राप्ति र नवीकरण :**

(१) कम्पनीमा तीन प्रकारका सदस्यहरू हुनेछन् :

(क) साधारण सदस्य : दफा ९ (२) बमोजिम योग्यता पुगेको व्यक्तिलाई संचालक समितिले साधारण सदस्यता प्रदान गर्नेछ ।

(ख) संस्थापक सदस्य : कम्पनीको संस्थापनाका बखत प्रबन्धपत्र तथा नियमावलीमा हस्ताक्षर गर्ने व्यक्तिहरु कम्पनीको संस्थापक सदस्य हुनेछन् ।

(ग) मानार्थ सदस्य : सञ्चालक समितिले उपयुक्त ठानेको तोकिएका क्षेत्रहरुमा उल्लेखनीय योगदान पुऱ्याएका प्रतिष्ठित व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

(घ) आजिवन सदस्य : योग्यता पुगेको व्यक्तिले दफा ४(ख) बमोजिम सदस्यता शुल्क बुझाएमा यस फाउण्डेशनको आजिवन सदस्य हुनेछ ।

(२) कम्पनीको सदस्यता प्राप्तिका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :

(क) १८ वर्षको उमेर पूरा भएको ।

(ख) मानसिक सन्तुलन ठीक भएको ।

(ग) सार्वजनिक सम्पत्ति हिनामिना गरेको कसुरमा दोषी ठहर नभएको ।

(घ) नैतिक पतन देखिने फौजदारी कसुर वा भ्रष्टाचारको कसुरमा दोषी ठहर नभएको ।

(ङ) अन्य कम्पनी वा संस्थाको रकम हिनामिना गरी कारबाहीमा नपरेको।

(च) संचालक समितिले सिफारिश गरेको विभिन्न क्षेत्रमा उल्लेखनीय दक्षता भएका, योगदान दिएका गैरआवासीय नेपाली नागरिक वा कानुन, अर्थ, समाजशास्त्र, सामाजिक सेवा लगायत विभिन्न क्षेत्रमा दक्षता प्राप्त एवं कम्पनीलाई उल्लेखनीय योगदान दिन सक्ने नेपाली नागरिक वा नेपाली मुलकका विदेशी नागरिक हुनु पर्ने ।

(३) कम्पनीका सदस्यहरुले देहाय बमोजिम आफ्नो सदस्यता नवीकरण गर्नु पर्नेछ :

(क) कम्पनीका प्रत्येक सदस्यले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन (३) महिनाभित्र आफ्नो सदस्यता नवीकरण गरी सक्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको म्यादभित्र सदस्यता नवीकरण नगराई सो अवधि व्यतीत भएको मितिले तीन (३) महिनाभित्र संचालक समितिको सिफारिशमा सदस्यता नवीकरण गराउन आएमा सदस्यता शुल्क बराबरको रकम जरिवाना लिई संचालक समितिले सदस्यता नवीकरण गर्न सक्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको थप म्यादभित्र पनि सदस्यता नवीकरण नगराएमा त्यस्तो सदस्यको सदस्यता स्वतः खारेज हुनेछ ।

(४) कम्पनीको सदस्यता शुल्क देहाय बमोजिम हुनेछ :

(क) कम्पनीको साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले आवेदन शुल्क बापत रू. १०००/- (अक्षरुपी एक हजार) र सदस्यता शुल्क बापत रू. १०,०००/- (दश हजार) बुझाई साधारण सदस्यता प्राप्त गर्न सक्नेछ । त्यस्ता साधारण सदस्यले वार्षिक सदस्यता नवीकरण शुल्क रू. १०००/- (एक हजार) बुझाउनु पर्नेछ ।

(ख) कम्पनीको आजिवन सदस्य प्राप्त गर्न चाहने व्यक्तिले आवेदन शुल्क बापत रु. १०००/- (अक्षरुपी एक हजार) र सदस्यता शुल्क बापत रू. १,००,०००/- (एक लाख) बुझाई आजिवन सदस्यता प्राप्त गर्न सक्नेछ । त्यस्ता सदस्यले नविकरण शुल्क बुझाउनु पर्नेछैन र हरेक बर्ष नविकरण गरिरहन पर्ने छैन ।

(५) कुनै व्यक्ति वा संस्थालाई सदस्यता प्रदान गर्ने वा नगर्ने एकलौटि अधिकार संचालक समितिमा निहित रहनेछ । संचालक समितिले सदस्यता प्रदान गर्ने निर्णय गरेमा मात्र कम्पनीको सदस्यता प्रदान गरिनेछ ।

(६) कम्पनीको सदस्यता प्राप्त गर्नको लागि आवश्यक पर्ने योग्यता, सदस्यताका लागि बुझाउनु पर्ने सदस्यता शुल्क लगायतका अन्य विषयहरुमा संचालक समितिले आवश्यक नियम बनाउन सक्नेछ ।

**१०. सदस्यता हस्तान्तरण नहुने :**

कम्पनीको सदस्यता कुनै किसिमले हस्तान्तरण हुन सक्ने छैन ।

**११. सदस्यता समाप्त हुने अवस्था :**

यस कम्पनीका सदस्यको सदस्यता देहायको अवस्थामा कायम रहने छैन :-

(क) कम्पनीको सदस्यताबाट राजीनामा दिएमा,
(ख) कम्पनीको सदस्यको मृत्यु भएमा,
(ग) कुनै संगठित संस्था कम्पनीको सदस्य भएकोमा त्यस्तो संस्था खारेज भएमा वा अन्य संगठित संस्थासँग गाभिएमा,
(घ) कम्पनीको सदस्य दामासाहीमा परेमा,
(ङ) प्रचलित कानुन बमोजिम कम्पनीको सदस्य कायम रहन अयोग्य भएमा ।
(च) दफा ९(२) बमोजिमको सदस्य पद प्राप्त गर्ने योग्यता नभएमा ।
(छ) कम्पनीको उद्देश्य विपरीत काम कारबाही गरेमा वा कम्पनीको प्रतिष्ठामा प्रतिकूल असर पुर्‍याउने कुनै कार्य गरेमा ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

(ज) दफा ९(३) बमोजिम सदस्यता नवीकरण नगरेमा ।

(झ) साधारण सभाले सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(२) कुनै व्यक्तिलाई कम्पनीको सदस्यता कायम रहन नसक्ने गरी अयोग्य ठहराउनु भन्दा अघि कम्पनीले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद प्रमाण पेश गर्ने मौका दिनुपर्नेछ ।

**१२. दायित्व सीमित हुने :**

कुनै सदस्यले लिखित रुपमा स्वीकार गरेको अवस्थामा बाहेक कम्पनीको ऋण वा दायित्वमा यसको सदस्य जिम्मेवार हुने छैन ।

**१३. अन्य आवश्यक कुराहरु :**

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नेछ ।

(२) कम्पनीले कारोवार शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग सम्पत्ति प्राप्त गरेको छैन ।

**१४. कम्पनीको प्रकृति अनुरुप कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने:**

नभएको ।

**१५. प्रबन्धपत्र संशोधन भएमा लागू हुने अवस्था :**

यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिने छ ।

**१६. प्रवन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :**

यस प्रवन्धपत्रमा लेखिएको कुरा प्रचलित कम्पनी ऐन वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

**१७. संस्थापकहरुको विवरण र उदघोषण :**

हामी **ग्लोबल एनआरएन फाउण्डेशन**का संस्थापकहरुले यो कम्पनी सस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर र साक्षी सम्वन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुठ्ठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुठ्ठा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहीछाप गरेका छौं ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

| संस्थापकको नाम थर, ठेगाना र सहिछाप | बाबु/पति को नाम | नागरिकता को प्रमाणपत्र नं. प्राप्त गरेको जिल्ला वा परिचय पत्र नं | साक्षीको नाम थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकता को प्रमाण पत्र नं. र जिल्ला |
|---|---|---|---|---|
| द.......................<br>नाम : विनोद कुवँर<br>ठेगाना : ४१६, दुआमदोङ्ग, योङ्गसाङ्ग गुसउल, कोरिया ।<br>दा. बा. | बल बहादुर कुवँर | गैरआवसीय नेपाली परिचयपत्र नं : ५६/७८/७९<br>Passport no: M16892557 | द.......................<br>नाम : देवेन्द्र कुवँर<br>ठेगाना : सिंगा गा.वि.स, वडा न. ९, म्याग्दी ।<br>दा. बा. | ३६३<br>म्याग्दी |
| द.......................<br>नाम : सोनाम लामा<br>ठेगाना : 8273 Beverly RD Kew Gardens NY 11415, US<br>दा. बा. | पुराङ्ग दोर्जे | गैरआवसीय नेपाली परिचयपत्र नं : NY/A/333<br>Passport no 561305754 | द.......................<br>नाम : दिल बहादुर तामाङ्ग<br>ठेगाना : नवलपुर गा.वि.स. वडा न. ४, सिन्धुपाल्चोक ।<br>दा. बा. | १३८२८/ ९८९८६<br>सिन्धुपाल्चोक |

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| द. ...........<br>नाम : जानकी गुरुङ्ग<br><br>ठेगाना : गुञ्जनगर गा.वि.स वडा नं ६, चितवन हाल परिवर्तित प्रदेश नं ३.....<br><br>दा. बा. | पदम सिंह गुरुङ्ग | नेपाली नागरिकता को प्रमाणपत्र नं : ३८७५ चितवन | द. ...........<br>नाम : राजेश शम्शेर राणा<br><br>ठेगाना : वडा न. ७, चावहिल, काठमाण्डौं ।<br><br>दा. बा. | ८६४९ काठमाडौं |
| द. ...........<br>नाम : उल्का प्रसाद घिमिरे<br><br>ठेगाना : Turnhoutsebaan 30 Bus 2, 2140 Borgerhout, Antwerp, Belgium<br><br>दा. बा. | दिल्ली प्रसाद घिमिरे | गैरआवसीय नेपाली परिचयपत्र नं : NEB/A/0073<br>Passport no ES126705 | द. ...........<br>नाम : सरु कार्की<br><br>ठेगाना : भद्रुटार गा.वि.स. वडा न. ६ नुवाकोट हाल पञ्चकन्या गा. प. वडा न. ५ ।<br><br>दा. बा. | २५-०१-०६२ ६८८० नुवाकोट |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| द.................................<br>नाम : श्याम बहादुर तामाङ<br><br>ठेगाना : बागमति प्रदेश हेलम्बु गा.पा ७, सिन्धुपालचोक<br><br>दा. बा. | विर बहादुर तामाङ | ना.प्र.नं ३९७३/५४ ५४७ सिन्धुपाल्चोक | द.................................<br>नाम : शुरेश चित्रकार<br><br>ठेगाना : का.न.पा. वडा न. ११, त्रिपुरेश्वर, काठमाण्डौं ।<br><br>दा. बा. | ६६०९<br>काठमाडौं |
| द.................................<br>नाम : दिपेश खेत्री<br><br>ठेगाना : Fahrstrasse, 76 21107, Hamburg, Germany<br><br>दा. बा. | मोहन खत्री | गैरआवसीय नेपाली परिचयपत्र नं : Berlin-Ka-74<br>Passport no C1WCPKJ36 | द.................................<br>नाम : महेश्वर महर्जन<br><br>ठेगाना : का.न.पा. वडा न. ११, त्रिपुरेश्वर, काठमाण्डौं ।<br><br>दा. बा. | २६१०६०/१००३८<br>काठमाडौं |

| | | | | |
|---|---|---|---|---|
| द......................<br>नाम : रन्जीता श्रेष्ठ<br><br>ठेगाना : म्याग्दी जिल्ला, भगवती गा.वि.स वडा नं ४ भई हाल परिवर्तित........<br><br>दा. बा. | राजेन्द्र कुमार श्रेष्ठ | ना.प्र.नं ४९१००६/ १४१३३ म्याग्दी | द......................<br>नाम : कर्ण बहादुर उदास<br><br>ठेगाना : गा.वि.स.५, साठी घर भगवती, काभ्रे<br><br>दा. बा. | |

हस्ताक्षर :..........................................
मस्यौदाकार : अधिवक्ता आशिष उप्रेती
प्रमाणपत्र संख्या : ११४५८

इति सम्वत् २०७९ साल जेष्ठ महिना २६ गते रोज ५ शुभम् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

सहायक रजिष्ट्रार